नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## सल्यान

कार्यालय :-५२००१३४
फ्याक्स :- ५२००७१

पत्र संख्या :- २०७७/०७८
चलानी नं.

मिति :२०७८/०२/२५

## सल्यान जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

कोभिड-१९ को दोस्रो लहरको संक्रमण यस जिल्लामा समेत यथावत छ । सकेसम्म यसबाट मानवीय क्षति कम गराउन र यसको उपचार, रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/१९ गतेको आदेशलाई तपसिल बमोजिम हुने गरी मिति २०७८/०२/२७ गते बिहान ००:०१ बजेदेखि मिति २०७८/०३/०२ गते राती १२:०० बजेसम्म सल्यान जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको व्यहोरा अनुरोध छ । यो आदेशको पालना गर्नु/गराउनु सबै व्यक्ति/संघ, संस्था/पेशाकर्मी/व्यवसायी तथा आमनागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लंघन गरेमा प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### तपसिल :-

१. **सर्वसाधारणको आवतजावत सम्बन्धमा ।**

क) अत्यावश्यक काममा (औषधी खरिद, उपचार, खाद्यवस्तु तथा अन्य उपभोग्य वस्तु तथा सेवाको खरिद) बाहेक कोही पनि व्यक्ति घर बाहिर निस्कन तथा हिडडुल गर्न नपाइने । अत्यावश्यक वस्तु तथा सेवाको खरिदका लागि निस्कनै पर्ने भए अनिवार्य रुपमा मास्क लगाउने, भौतिक दुरी कायम गर्ने तथा तोकिएका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने ।

२. **अत्यावश्यक खाद्य सामग्रीको सम्बन्धमा ।**

क) तरकारी, फलफूल, माछा/मासु, दाना, एग्रोभेट, दुध डेरी, खाना पकाउने ग्याँस पसलहरु दैनिक बिहान ६:०० बजेदेखि बिहान ९:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

ख) बुँदा नं. क) बाहेकका खाद्यान्न लगायत अन्य अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाका हकमा आइतबार र बुधबार बिहान ६:०० बजेदेखि बिहान ९:०० बजेसम्म मात्र सञ्चालन गर्ने । यस्ता उपभोग्य वस्तु सकेसम्म उपभोक्ताले नजिकको पसलबाट खरिद गर्नुपर्ने ।

लक्ष्मी देवी होमागाई (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय
सल्यान

## ३. सभा सम्मेलन तथा सामाजिक कार्य सम्बन्धमा ।

क) सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, मनोरञ्जन स्थल, सैलुन, ब्यूटी पार्लर, पुस्तकालय, भौतिक उपस्थितिमा हुने शिक्षण सिकाई क्रियाकलाप, समूहमा खेलिने खेलकुद र मानिसहरुको भीडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम गर्न नपाइने ।

ख) विवाह/व्रतबन्ध/पास्नी को हकमा बढीमा १० जनासम्म स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने ।

ग) विवाहको हकमा १ वटा सवारी साधन (बढीमा ५ जना सवार हुन पाउने) प्रयोग गर्ने गरी ब्यानरका आधारमा सञ्चालन गर्न पाउने ।

घ) मन्दिर, मस्जिद, चर्च आदिमा नित्य पूजा बाहेक सामूहिक भेला हुने, सामूहिक रुपमा आश्रय लिइ बस्ने खालका कार्यक्रम गर्न नपाइने ।

ङ) कोभिड-१९ वा जुनसुकै कारणले कुनै व्यक्तिको मृत्यु भएमा सोको मृत्यु संस्कारमा अधिकतम १५ जना भन्दा बढी सहभागी हुन नपाइने ।

## ४. सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालन सम्बन्धमा ।

क) सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालनमा मिति २०७८/०२/२७ गते बिहान १:०० बजेदेखि मिति २०७८/०३/०२ गते राती १२:०० बजेसम्म सल्यान जिल्लाभर रोक लगाउने ।

ख) अत्यावश्यक सेवाहरु जस्तै : एम्बुलेन्स, खानेपानी, विद्युत तथा दुरसंचार मर्मत, स्वास्थ्य सामग्री तथा अक्सिजन सिलिण्डर ढुवानी, डाँक सेवा र फोहोरमैला व्यवस्थापन सम्बन्धी ढुवानी तथा यातायातका साधनमा ब्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न सकिने ।

ग) तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ, कुखुराको दाना, चल्ला पशुपंक्षीजन्य पदार्थ, भेटेरीनरी सम्बन्धी कार्य, इन्धन, खाना पकाउने ग्याँस ढुवानीका लागि यातायातका साधनमा ब्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

घ) झण्डावाल सरकारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरु, स्वास्थ्य तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन सञ्चालन गर्न पाइने ।

लक्ष्मी देवी ढकाल (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

ङ) सार्वजनिक निर्माणको हकमा आवश्यक पर्ने निर्माण सामग्री ढुवानी गर्ने यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

च) अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुको हकमा हवाई टिकट, पासपोर्ट तथा भिसाको आधारमा सवारी साधनलाई सहजीकरण गर्ने ।

छ) सञ्चारकर्मी/पत्रकारको हकमा सूचना विभाग वा सम्बन्धित मिडिया हाउसले जारी गरेको परिचयपत्रका आधारमा आवतजावत गर्न दिने ।

## ५. कार्यालय/बैंक सञ्चालन सम्बन्धमा ।

क) जिल्लामा सरकारी र सार्वजनिक कार्यालयका प्रमुखले आलोपालो पद्धतिअनुसार कर्मचारी खटाई कार्यालयको आन्तरिक व्यवस्थापकीय कार्य गर्ने । अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने ।

ख) जिल्लामा रहेका बैंकहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गरी आइतबार, बुधबार र शुक्रबार बिहानको १०:०० बजेदेखि दिउँसोको २:०० बजेसम्म सञ्चालन गर्न पाइने ।

ग) सरकारी कार्यालय, बैंक, दुरसञ्चार प्रदायक संस्थाका सवारी साधनको हकमा बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म र बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्म कार्यालयमा आवतजावतका लागि मात्र प्रयोग गर्ने गरी व्यवस्था मिलाउने ।

## ६. अत्यावश्यक कार्यका लागि सवारी आवागमनमा जिल्ला प्रशासन कार्यालयबाट गरिने सहजीकरण ।

क) मृत्यु संस्कारका लागि जानुपर्ने/फर्कनुपर्ने अवस्थामा व्यक्तिको निवेदन सहित सम्बन्धित वडाको सिफारिस पेश गर्नुपर्ने ।

ख) बिरामीले एम्बुलेन्स बाहेकका अन्य सवारी साधन प्रयोग गर्नुपर्ने अवस्था भए व्यानर वा विषय उल्लेख गरी सवारी साधन प्रयोग गर्न सकिने ।

ग) बिरामीको भर्ना कार्डका आधारमा १ जना बिरामी कुरुवाले आवतजावत गर्न पाउने ।

घ) बिरामीको थप उपचारका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था भए बिरामीको रिफर कार्ड, भर्ना कार्ड, परिचय खुल्ने कागजातको प्रतिलिपि सहित कार्यालयमा नै उपस्थित भई निवेदन पेश गर्नुपर्ने ।

लक्ष्मी देवी होमागाई (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

ङ) बुँदा नं. क) र घ) बाहेक अन्य कुनै पनि कार्यका लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी पास जारी नहुने । साथै ब्यानर वा प्रिन्टमा विषय उल्लेख गरे बाहेकको प्रयोजनका लागि सवारी साधन भए/गरेको पाइएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा २१ बमोजिम कारबाही गर्ने ।

**७. औषधी तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समय निर्वाध रुपमा सञ्चालन गर्न पाइनेछ ।**

लक्ष्मी देवी हेमागाई (खतिवडा)
प्रमुख जिल्ला अधिकारी